# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## थाहा नगरपालिका
## मकवानपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## थाहा नगरपालिका

## मकवानपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

थाहा नगरपालिका

मकवानपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मिति:२०८१।२।११

प.सं. २०८०।८१

च.नं. १५६

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री प्रमुखज्यू ,

थाहा नगरपालिका, थाहा नगरकार्यपालिकाको कार्यालय,

मकवानपुर ।

१. **कैफियत सहितको राय —** हामीले थाह नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड २२ लाख ३६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु२ करोड २२ लाख ४९ हजार को प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू९ लाख ६४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७२ लाख ५२ हजार, नियमित गर्नुपर्ने रु. ३८ लाख ८० हजार र पेश्की बाँकी रु.१६ लाख ७५ हजार समेत रु.१ करोड ३८ लाख ८३ हजार रहेको छ । थाह नगरपालिकाको गतवर्ष सम्म रु.१६ करोड १२ लाख ८८ हजार बेरुजू बाँकी रहेकोमा

हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड ५१ लाख ७१ हजार रहेको छ । थाह नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने थाह नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी थाह नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकरप्रसाद पन्थी)
**नायब महालेखापरीक्षक**

थाहा नगरपालिका,

मकवानपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५२ | १०१ | ३२२३६ | ० | ५० | १८३५२ | ५२ | ५१ | १३८८३ | ९६४ | ३८८० | ७२५३ | ० | ० | ११९३३ | १६७५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | दोहोरो परेको | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| मकवानपुर | १८५५९६ | ० | २४३०८ | १६१२८८ | ० | ९४ | १३८८३ | १७५१७१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | १२ | धरौटी खाता | ११२३१२८ |
| २ | | २१ | खरिद | १६४०२१४ |
| ३ | | ३५ | कर कट्टी | ३५४१८ |
| ४ | | ३६ | पारिश्रमिक कर | ५९४९ |
| ५ | | ३७ | महगी भत्ता | २४००० |
| ६ | | ३८ | फरक शिर्षक | ४६९६५९ |
| ७ | | ३९ | लागत सहभागीता | ४७०५३ |
| ८ | | ४० | अनुगमन भत्ता | १०२००० |
| ९ | | ४४ | गत विगतको भुक्तानी | २७३००० |
| १० | | ४५ | नर्म्स विपरीत भुक्तानि | ९५२० |
| ११ | | ४६ | सामाजिक सुरक्षा कर कट्टी | ५४०० |
| १२ | | ५० | विल भन्दा बढी भुक्तानी | ४९३७२ |
| १३ | | ५४ | कार्यसम्पादन जमानत | १४२६५० |
| १४ | | ५५ | नमुना विद्यालय विशेष अनुदान | १०००००० |
| १५ | | ५९ | नवीकरणीय उर्जा | ७१५००० |
| १६ | | ६१ | फरक शिर्षक पारी खर्च | ३७०४०७६ |
| १७ | | ६७ | बढी भुक्तानी | २२९५० |
| | **चालु वर्षको जम्मा** | | | **१८३६९३९०** |
| | **गत विगत वर्षतर्फको** | | | |

| | | | | |
|---|---|---|---|---|
| | २०७८।७९ | ० | - | १६२८४३३२ |
| | २०७७।७८ | ० | - | ८०२३१८६ |
| | गत विगतको जम्मा | ० | - | २४३०७५१८ |
| | कुल जम्मा | | | **४२६७६९०८** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडारहेको छ, ६४ सभा सदस्य तथा क्षेत्रफल १९१.१२ वर्ग किलोमिटर तथा ३८८७० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।११ देखि २०८०।९।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-**पालिकाको आय तथा व्ययको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४४९३४६५ ।असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| **शिर्षक** | **बैङ्कको नाम** | **दाखिला रकम** | **दाखिला मिति** | **कैफियत** |
|---|---|---|---|---|
| पालिका चालु | कृषि विकास बैङ्क | १२००० | ०८०।९।१२ | विल वेगर भुक्तानि |
| पालिका चालु | एनआईसि एसिया | ५२०० | ०८०।९।१३ | बढि दरमा भुक्तानि वापतको रकम |
| पालिका चालु | कृषि विकास बैंक | ६८८५ | ०८०।९।१३ | सहकारी तालिममा नर्मस भन्दा बढि भुक्तानि |
| पालिका चालु | कृषि विकास बैंक | ५८६५ | ०८०।९।१३ | नम्स भन्दा बढि भुक्तानि |
| सा सु | | ८०१४०८।९४ | ०८०।९।१२ | सामाजिक सुरक्षा फिर्ता दाखिला |
| गा पा चालु | कृषि विकास वैंक | ५७७५० | ०८०।९।१७ | बढी भुक्तानी |
| संघिय सशर्त शिक्षातर्फ | नेपाल वैंक | ६२१५६ | ०८०।९।१७ | बढी निकासा |
| संघिय सशर्त शिक्षातर्फ | नेपाल वैंक | १००००० | ०८०।९।१७ | बढी निकासा |
| प्रोत्साहन भत्ता मा कर | | ४३४७१४ | | १४०४७१४ विभिन्न मितिमा |
| महगी मत्ता | | ९७०००० | | |
| स्वास्थ्य संस्था वढी भुक्तानी | | ५०००० | | |
| सामाजिक सुरक्षा फिर्ता | | १९८७४८७ | | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय बिबरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूची २ मा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालिबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १६९०१३०८२।०० एकिकृत स्वास्थ्य पुर्वाधार भवन निर्माण रु.२५३०५१२२।८९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने

व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १६८८४६७१ यस वर्षको प्राप्ति रु. २४९२८५२७२ यस वर्षको भुक्तानी रु. २३६२४३४७४ र बैङ्क मौज्दात रु. ३८४२८७३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

**तुलना**

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३२०१२३४८२ | ७३१२४३२७५ | ९६७७९६२४३ | ८३५७०५१३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३०३२३८८११ | ९८०५२८५४६ | १२०४०३९७१७ | ७९७२७६४० |
| फरक | १६८८४६७१ | -२४९२८५२७२ | -२३६२४३४७४ | ३८४२८७३ |

**(विस्तृत विवरण बेरूजु दफा २.३ सँग सम्बन्धित अनुसूची ३ मा संलग्न छ ।)**

२.४ पालिकाको प्राप्ति तथा भुक्तानी हिसावमा देखाएको शुरु मौज्दात् रु. ३२०१२३४८१.६६ मा कुल आम्दानी रु. ७३१२४३२७४.५०जोड गरी कुल खर्च रु. ९६७७९६२४२.७४ घटाउँदा अन्तिम मौज्दात् रु. ८३५७०५१३.४२ वाँकि हुने देखिन्छ । तर कार्यालयले सुत्र प्रणाली प्रयोग गरी तयार गरेको वित्तिय विवरणमा वर्षान्तमा वाँकि मौज्दात् रु. ८३९८३०१३.४२ देखाएको छ । प्रणालीको हिसावमा अन्तिम मौज्दात् मा फरक परेको रु. ४१२५०० का सम्वन्धमा हिसावमिलान गरी प्रमाण पेश हुनुपर्दछ ।

२.५ सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु २७८५७४७७२.४३ रहेकोमा यस वर्ष रु ३२०१२३४८१.६६ जिम्मेवारी सारेको छ । यसरी बढी जिम्मेवारी सारेको रु ४१५४८७०९.२ का सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.६ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण

(म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता भन्दा बैङ्क मौज्दात बढी र केहिमा घटी देखिएको छ । यस सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

| खाताको नाम | श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी |
|---|---|---|
| सञ्चित कोष | ५३३८८१११ | ३३२०१०३६ |
| चालु खाता | ० | २३५८५९५७ |
| पूँजीगत खाता | ४१२५०० | ३२२१८६४८ |
| मर्मत खाता | ० | ० |
| कल्याण कोष तथा विविध कोष खाता | ६३६३८१५ | ६३६३८१५ |
| प्रकोप व्यवस्थापन कोष खाता | ४७५६८ | ४७५६८ |
| विविध खर्च खाता | ७६०३८३१ | ७६०३८३१ |
| नगर सरसफाई कोष खाता | ० | ० |
| धरौटी खाता | १६१६७१८८ | १६१६७१८८ |

२.७ **हिसावमिलान** - स्थानिय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको अनुसुचि २४मा श्रेस्ता तथा बैंक अनुसार फरक पर्न गएकोमा उल्लेखित व्यवस्था अनुसार बैंक हिसाव तयार गरी यकिन गर्नुपर्दछ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| कृषि विकास बैंक लिमिटेड | ५०८४०११५५७३८ १२१ | ग १.१ आन्तरिक राजस्व खाता | ० | ० |
| कृषि विकास बैंक लिमिटेड | ५०८४०११५५७३८ १३८ | ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| कृषि विकास बैंक लिमिटेड | ५.०८४०१E+१४ | ग १.३ आन्तरिक अनुदान खाता | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| कृषि विकास बैंक लिमिटेड | ५.०८४०१E+१४ | ग २.२ चालू खर्च खाता- जोर वर्ष | ० | ० |
| कृषि विकास बैंक लिमिटेड | ५.०८४०१E+१४ | ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ४१२५००. | ० |
| कृषि विकास बैंक लिमिटेड | ५०८४०११५५७३८१७० | ग २.७ विविध खर्च खाता | ७६०३८३१. | ७६०३८३१. |
| कृषि विकास बैंक लिमिटेड | ५०८४०११५५७३८०३० | ग ३.१ स्थानीय तह धरौटी खाता | १६१६७१८८.४२ | १६१६७१८८.४२ |
| कृषि विकास बैंक लिमिटेड | ५०८४०११५५७३८०४९ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ५३३८८१११.०६ | ४९५४५२३८.९८ |
| कृषि विकास बैंक लिमिटेड | ५०८४०११५५७३८०५७ | ग ५.१ स्थानीय तह विविध कोष खाता | ६३६३८१४.९४ | ६३६३८१४.९४ |
| कृषि विकास बैंक लिमिटेड | ५०८४०११५५७३८१८९ | ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | ० | ० |
| कृषि विकास बैंक लिमिटेड | ५०८४०११५५७३८०७३ | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४७,५६८.०० | ४७,५६८.०० |
| जम्मा | | | ८३९८३०१३.४२ | ७९७२७६४१.३४ |

उल्लेखित तालिका अनुसार आर्थिक वर्षको अन्तमा श्रेस्ताअनुसार रु. ८३९८३०१३.४२बाँकि रहेकोमा वैंकमा जम्मा रु. ७९७२७६४१.३४ मौज्दात् देखाएको छ । यसरी श्रेस्ता भन्दा बैंकमा मौज्दात् कमि देखिएको रु. ४२५५३७२.०८ का सम्वन्धमा पालिकाले यकिन गरी प्रमाण पेश हुनुपर्दछ ।

२.८ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्षको अन्तिम सम्म पनि पालिकाको विभिन्न खातमा रहेको रकम तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्ने देखिएको छ ।

## ३ समपुरक अनुदान

बागमती प्रदेशबाट जारी गरिएको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७७ को दफा(४) अनुसार समपुरक अनुदानमा संचालित आयोजनाहरुको कुल बजेट खर्चमा कम्तिमा ५०% रकम स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था उल्लेख छ । त्यस्तै संघिय समपुरक अनुदान कार्यविधि समेतमा समान अनुपातमा लागत सहभागिता रहनुपर्ने उल्लेख छ । पालिकाले तपशिल बमोजिमका समपुरक योजनाहरुको भुक्तानी गर्दा स्थानीय समपुरक कोषबाट ५०% भन्दा कम भुक्तानी गरेकोले ५०% लागत सहभागिता नपुगेको ५०% ले हुन आउने रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रकम रु.

| योजनाको नाम | प्रदेश तथा संघले व्यहोरेको रकम | पालिकाले व्यहोरेको रकम | प्रदेश तथा संघले बढी व्यहोरेको रकम | समपुरकको अंश नपुगेको रकम |
|---|---|---|---|---|
| किटेनि सडक | ३८२३४६३ | ० | ३८२३४६३ | १९११७३२ |
| भुङ्गल सडक योजना | ६७३८४६६ | ० | ६७३८४६६ | ३३६९२३३ |
| | | | जम्मा | ५२८०९६५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,८०,९६५ |

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो निर्देशिका तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्यून तम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार

गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• संस्था दर्ता ऐन २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमा दिएको पाइएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई

अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता र गाडी भाडामा अत्याधिक खर्च गर्ने गरेको छ । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता अद्यावधिक नगरेको र भ्रमण प्रतिवेदन संलग्न गरेको छैन ।

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको

• खर्च लेखेको केहि गोश्वारा भौचरसाथ संलग्न गर्नुपर्ने कागजात लेखा शाखामा नभई फाँटवालाले राख्ने गरेको

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण निर्देशिका जारी गरी आन्तरिक नियन्त्रण प्रणाली तत्काल कायम हुने गरी सुदृढ खरिद व्यवस्थापन समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

## ५ पालनाको लेखापरीक्षण

५.१ आवधिक योजना — स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना अद्यावधिक र परिष्कृत नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

५.२ बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.३ बजेट पेश पारित र अख्तियारी — स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा १ अर्व १९ करोड ३५ लाख ५९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

५.४ बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५.५ योजना प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण उत्पादनमूलक रोजगारी लागत सहभागिता स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा वडाको लागी शिर्षकगत केहिमा अवण्डावाट पटके योजना सञ्चालन गर्ने गरी वजेट व्यवस्था गरेकोमा योजनामा समावेश नगरेको तथा अन्य वडा र पालिकास्तरका कुल १६७ योजनामा वजेट विनियोजन गरी खर्च लेखेको पाईयो ।

उपर्युक्तानुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

५.६ लक्ष्य प्रगति : कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरिनुपर्दछ । पालिकामा पूजिगत कार्यक्रमतर्फ आ व २०७९।८० मा जम्मा ७१८ कार्यक्रम तथा योजनामा विनियोजन भएको मध्ये ११३ कार्यक्रम तथा योजना (विनियोजन भएको रु.६ करोड ९१ लाख ४० हजार ) मा शुन्य प्रगती भएको पाईयो । कार्यान्वयन हुने योजनामा मात्र वजेट विनियोजन गरी कार्यसम्पादन तथा विकास निर्माणमा जोड दिनुपर्दछ ।

५.७ वार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति समेतको विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.४७४८५४७२५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

५.८ क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ८७६२१७२३ | ५०१०५४५५ | ३ |
| पूर्वाधार विकास | ४९००५५७१७ | ३७६५३४३९३ | २० |
| सामाजिक विकास | ४२९९३३६९९ | ३६८०३३७८४ | १९ |

| | | | |
|---|---|---|---|
| बातावरण तथा विकास | ६२०१६२१६ | ३४९०७१६० | २ |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | १२३९३२५०७ | ११६७३२४६५ | ६ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | ११९३५५९८६२ | ९४६३१३२५६ | ५० |
| जम्मा खर्च | | ८७६२१७२३ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिक सबैभन्दा बढी ५० प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटी अर्थात् २ प्रतिशत र आर्थिक विकासमा ३ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७३२६८५२०५ | ३९७८८२५९ | ५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक स्रोत अन्तर्गत खानी जंगल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

८ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-

व्ययको अनुमानमा आन्तरिक आयतर्फ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर वापत अनुमानित भन्दा कम आय प्राप्त गरेको छ भने बाँडफाँड भइ प्राप्त हुने अन्तःशुल्क वापत बजेट अनुमान नगरेकोमा समेत राजस्व संकलन भएको छ । समग्र जम्मा कर राजस्व अनुमानको तुलनामा ७८ प्रतिशत मात्र संकलन भएको छ । राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | गतवर्ष प्राप्ती रु. |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ६००००००. | ६४१३०६५.५ | ५४९४७३४.३ |
| ११३१४ भुमिकर/मालपोत | ३००००००००. | १०११६१५४.९५ | ३३९१०९५३. |
| ११३२१ वहाल कर | २००००००. | १८४९८२८.१३ | ५३६०७६.०२ |
| ११३२२ वहाल विटौरी कर | ५०००००. | ३०९७६५.९९ | ० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १२०६३०००० | ६४६०९२२९.९३ | ८००३३२२६.५ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ० | २४४६०८२७.७६ | २५५९६४१६ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ७६२५००००. | ७१०३६०४९.८ | ६८४८८३२९.४ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ५५,०००.०० | ० | ० |
| कृषि तथा पशुजन्य व्यावसायिक कारोवारमा कर | ० | ० | २६१३०००. |
| ११६९१ अन्य कर | ४५०००००. | ८४७९८३९.६९ | ० |
| जम्मा कर राजस्व | २३९९३५००० | १८७२७४७६१ | २१६६७२७३५ |

## ९ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | गतवर्ष प्राप्ती रु. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ६०००००० | ६४१३०६५.५ | ५४९४७३४.३ |
| ११३१४ भुमिकर/मालपोत | ३००००००० | १०११६१५४.९५ | ३३९१०९५३ |
| ११३२१ वहाल कर | २०००००० | १८४९८२८.१३ | ५३६०७६.०२ |
| ११३२२ वहाल विटौरी कर | ५००००० | ३०९७६५.९९ | ० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १२०६३०००० | ६४६०९२२९.९३ | ८००३३२२६.५ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ० | २४४६०८२७.७६ | २५५९६४१६.०९ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ७६२५०००० | ७१०३६०४९.८ | ६८४८८३२९.४ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ५५,०००.०० | ० | ० |
| कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ० | २६१३००० |
| ११६९१ अन्य कर | ४५००००० | ८४७९८३९.६९ | ० |
| जम्मा कर राजस्व | २३९९३५००० | १८७२७४७६१.७५ | २१६६७२७३५.३१ |
| १४१२९ अन्य निकायबाट प्राप्त लाभांश | ५०००००० | ० | ० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ० | १०१८९३६.८१ |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ७१४२००० | १६४७२७४५.०६ | ० |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ० | ० | १८७१०२२४.६२ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ४८०००००० | ८८२९४९५.९३ | ७०६१०२१ |
| १४१९१ पर्यटन शुल्क | १०००००० | २१६७०१७.६९ | ० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ५०,०००.०० | ३८१३६५० | ४६,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | १०००००० | २१२८००.२ | ० |
| १४२४३ सिफारिश दस्तुर | ५२००००० | ३८५३१९२.८४ | २८७४५७७ |

| | | | |
|---|---|---|---|
| १४२४९ अन्य दस्तुर | ० | ० | ३६५०९६९.७१ |
| १४२६५ अन्य क्षेत्रको आय | ० | ० | ६०२०९७२४.७६ |
| १४६११ व्यवसाय कर | २००००० | २५७२९४४ | ८०५७४६.६९ |
| जम्मा गैर कर राजस्व | ६९३९२००० | ३७९२१८४५.७२ | ९४३७७२००.५९ |
| जम्मा आन्तरिक राजस्व | ३०९३२७०००<br>० | २२५१९६६०७.४<br>७ | ३११०४९९३५.९ |

कुल जम्मा आन्तरिक राजस्व अनुमानको तुलनामा ७२ प्रतिशत जनाएको छ । पालिकाले व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेको तथा पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

**१० राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापनमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

**११ पेश्कि वाँकि**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु. २९८४८४९२ पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले म्याद नाघेको रु. १६७५००० समेत नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| ०४/०१/२०७ | देउराली महाँकाल | के. एण्ड के. जी. | २१०००००.०० | ० | २१०००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सडक थाहा ११ | कन्स्ट्रक्सन कं. प्रा. ली. | | | |
| ०४/०१/२०७९ | शीतभण्डार संरक्षण तथा बस्ती बचाउ योजना | त्रिपुरा सुन्दरी इन्फास्ट्रक्चर एण्ड सप्लायर्स प्रा.लि. | १०४८००००.०० | ० | १०४८००००.०० |
| ०४/०१/२०७९ | कलाँटु सडक थाहा १० | ए.के. बिल्डर्स | ५४०८६२.०० | ० | ५४०८६२.०० |
| ०४/०१/२०७९ | चौकी किटेनी रुप्से सडक | ए.के. बिल्डर्स | ८३२४७०.०० | ० | ८३२४७०.०० |
| ०४/०१/२०७९ | अन्य सार्वजनिक निर्माण | श्रृजना कन्सट्रक्सन | १५६६६०.०० | ० | १५६६६०.०० |
| ०४/०१/२०७९ | चिसापानी देउखेल चल्ती बसेरी सडक | निरीक्षा—एच. के. एम—सुजन जे.भी. | २१२००००.०० | ० | २१२००००.०० |
| ०४/०१/२०७९ | केशरडाँडा कुलनगरँ पोखरी कुन्छाल सडक | शिव शक्ति इन्फ्रा डेभलपर्स प्रा.लि. | १००७५००.०० | ० | १००७५००.०० |
| १०/०३/२०७९ | फेदीखोला बस्ती सम्स्क्षणथाहा २ क्रमागत | माईरा एण्ड कन्स्ट्रक्सन | १५८००००.०० | ० | १५८००००.०० |
| ०२/०७/२०८० | भूङदल सडक वार्ड न ३ | श्रृजना कन्स्ट्रक्सन प्रा.लि. | २०००००.०० | ० | २०००००.०० |
| ०२/०७/२०८० | फेदीखोला बस्ती सम्स्क्षणथाहा २ क्रमागत | श्रृजना कन्स्ट्रक्सन प्रा.लि. | ४८००००.०० | ० | ४८००००.०० |
| ०२/१८/२०८० | कोल्स्टोर सिभिल निर्माण कार्य (प्याकेज १) | एस.आर.पि. ग्रुप प्रा.लि. | ११९५०००.०० | ० | ११९५०००.०० |
| ०२/२९/२०८० | कोल्स्टोर सिभिल निर्माण कार्य (प्याकेज १) | एस.आर.पि. ग्रुप प्रा.लि. | ० | ११९५०००.०० | ११९५०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ०३/२१/२०८० | फेदीखोला बस्ती सम्स्क्षणथाहा २ क्रमागत | श्रृजना कन्स्ट्रक्सन प्रा.लि. | ० | ४८००००.०० | ४८००००.०० |
| ठेकेदार जम्मा | | | ११२६०४९२.०० | १६७५०००.०० | १२९३५४९२.०० |
| ०१/१३/२०८० | भूङदल सडक वार्ड न ३ | सक्षम निर्माण सेवा | १२५००००.०० | ० | १२५००००.०० |
| ०१/१३/२०८० | फेदीखोला बस्ती सम्स्क्षणथाहा २ क्रमागत | सक्षम निर्माण सेवा | ११२१०००.०० | ० | ११२१०००.०० |
| ०२/०३/२०८० | फेदीखोला बस्ती सम्स्क्षणथाहा २ क्रमागत | सक्षम निर्माण सेवा | ११२१०००.०० | ० | ११२१०००.०० |
| ०२/०७/२०८० | फेदीखोला बस्ती सम्स्क्षणथाहा २ क्रमागत | सक्षम निर्माण सेवा | ११२१०००.०० | ० | ११२१०००.०० |
| संस्थागत जम्मा | | | ४६१३०००.०० | ० | ४६१३०००.०० |
| आशिर्वाद निर्माण सेवा (कोलेनिका निकाशा हुने) | | | १२३००००० | | १२३००००० |
| कुल जम्मा | | | २८१७३४९२ | १६७५००० | २९८४८४९२ |

| | |
|---|---|
| पेश्की | १६,७५,००० |

## १२ धरौटी खाता

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२८ को निर्णयबाट रु. १,१२३,१२८.८ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## १३ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ३९७८८२५९।०० राजस्व बाँडफाँडवाट

रु.१८५४०८३४८।०० र अनुदान समेत रु.१२८३७६७८३५७।०० आम्दानी भएकोमा चालु तर्फ रु.४७१०४६०३२।०० र पूँजिगत तर्फ रु.४७४८५४७२५।०० र वित्तीय ब्यबस्था तर्फ रु. २५८१३८९६० समेत रु. १२०४०३९७१७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.३० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,१०,७०,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको २८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३९ प्रतिशत चालु र ४० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालन र प्रशासनिक कार्यमा सोहि अनुपातमा खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १४ पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा रु.१ करोड १० लाख ७० हजार खर्च लेखेको देखिन्छ ।

| विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख/उपाध्यक्ष | वडाअध्यक्ष १२ जना | कार्यपालिका सदस्य ८ | सभाका सदस्य ४१ | जम्मा |
|---|---|---|---|---|---|---|
| बैठक भत्ता | १४००० | १४००० | ६००००० | ११२००० | १५५८००० | २२९८००० |
| यातायात खर्च | ० | ० | २७०००० | २४०००० | १२३०००० | १७४०००० |
| टेलिफोन,मोबाइल | ४८००० | ४८००० | ३६०००० | १४४००० | ७३८००० | १३३८००० |
| पुस्तक,पत्रीका, ईन्टरनेट | २४००० | २४००० | २८८००० | १४४००० | ४९२००० | ९७२००० |
| समन्वय तथा सहजीकरण | १३२००० | १३२००० | १०८०००० | १९२००० | - | १५३६००० |
| अतिथि सत्कार | १२०००० | ७२००० | ७२०००० | २४०००० | १२३०००० | ३०३०००० |
| खानेपानी/बिजुलीसरसफाई | ४२००० | ३०००० | १४४००० | ९६००० | ४९२००० | ८०४००० |
| जम्मा | ३८०००० | ३२०००० | ३४६२००० | ११६८००० | ५७४०००० | ११०७०००० |

## १५ स्वकिय सचिव

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, 'चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमती प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) स्थानीय सेवाका कर्मचारी गनुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने उल्लेख छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.३,००,००० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

## १६ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६५ दरबन्दी स्वीकृत रहेको जनाएकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन पाँचौ सहित १६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

## १७ तलवी प्रतिवेदन

बागमती प्रदेश "स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९" को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराइ तलब भुक्तानी गर्नुहुँदैन भन्ने व्यवस्था रहेको छ । तर, पालिकाले स्वास्थ्य तर्फका ३७ जना कर्मचारीहरुको तलवी प्रतिवेदन नै पारित नगरी कुल रु २,१०,६७,९३७.४१। खर्च लेखेको छ । यसरी तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुलाइ भुक्तानी गरेको तलब, भत्ता र ग्रेड रकम यकिन गर्न सकिएन ।

## १८ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम

कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रको त्रैमासिक खर्च विवरणअनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | ४७५२६७२२५ | ७८२६३१८५ | ३६४५१०९७ | १२३३७७९५२ | २३७१७४९९० | १४८०९९३३ |
| खर्च प्रतिशत | १०० | १६ | ८ | २६ | ५० | ३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ४७५२६७ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा १६ प्रतिशत, दोस्रो त्रैमासिकमा ८ प्रतिशत, तेस्रो त्रैमासिकमा २६ प्रतिशत र चौथो त्रैमासिकमा ५० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ३ प्रतिशत खर्च देखिएको छ । चौथो चौमासिकमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो चौमासिकमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १९ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३ देखि ३३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| योजनाको नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान | ठेक्का सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| River training work(Coldstore Work)(CEN/coldstore-04/079/80) | New Jyoti Construction Pvt.Ltd.(9855067412) | ७३०६००९ | ४९२६४३७ | ३३ |
| Upgrading of Kiteni Road(CEN/kiteniroad-05/079/80) | New Jyoti Construction Pvt.Ltd.(9855067412) | १५५८७३८० | ११८६६१५९ | २४ |
| Fedigaun human settlement and river training work(Pro/fedigaunwork-07/079/80) | Sakshyam Nirman sewa | २९०८२७४३ | २२४२३१८४ | २३ |
| CEN/kiteniroad(II)-14/079/80(Upgrading of Kiteni Road ) | OM Kalabhairab Construction Pvt.Ltd.Thaha-3 | ३७०८६७९ | ३५८९८६० | ३ |
| Pro/fedigaunwork(II)-15/079/80(Fedigaun river training work ) | Srijana construction PVT.LTD(9848514048) | ६६५९८३० | ४८१६३०३ | २८ |
| Pro/bhungdalwork(II)-16/079/80(Bhungdal upgrading work ) | Srijana construction PVT.LTD(9848514048) | ३८९५२०५ | ३०६९३६८ | २१ |
| cen/trailbridge-10/079/80(Supply and Delivery of Fabricated steels parts for Mulpani Ghattekhola-trail bridge | S.K.Engineering Industries Butwal Industrial area Butwal | १४४३५०८ | १३३७९५८ | ७ |
| RBN/palchowkroad-19/079/80(Maintenance of Palchowk-Bhatuwal Road) | OM Kalabhairab Construction Pvt.Ltd.Thaha-3 | ६६१६८७३ | ५००५९३६ | २४ |

## २० ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

## २१ सोझै खरिद तथा प्रतिस्पर्धा सिमित

........... ***(प्रारम्भिक प्रतिवेदन उपर पालिका सभाले नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति*** २०८०-१२-२८ ***को निर्णयबाट रु.*** १,६४०,२१४ ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

२२ **डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्नानुसार परामर्श शुल्कवापत भुक्तानी गरेकोमा सो अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रकम समेत सिफारिस गरेको छ । स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| योजना | परामर्शदाता | परामर्श खर्च | सम्भाव्य अध्ययनवाट योजनाको लागत अनुमान रकम |
|---|---|---|---|
| Loc/coldstoreHVAC,civil&electric-06/79/80 | Entraspace Consulting Pvt.Ltd.,Anamnagar,Kathmandu | ५००००० | १४४५३७५० |
| loc/road-04-07/079/80(Preparation of DPR of golmod phaparbari deurali, ward 04) | Singati Engineering PVt.Ltd.,Dolakha | ४९४६५३ | ६३७५६९८६१ |
| 08/079/80(Preparation of DPR of Damgade water supply Phase(II)) | Advance Engineering Consultancy Pvt.Ltd.,Koteshwor ,Kathmandu | ७४५८०० | १९५२९९३८ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । यस्ता डिपिआर पालिकाकै जनशक्तिवाट गराउनेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२३ **मौज्दात सामाग्री**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक खरिद योजना तयार गरेर मात्र आवश्यकताका आधारमा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसारका सामाग्री खरिद गरी जम्मा रु १८,६६,८०५। ।- खर्च गरेकोमा खरिद पश्चात सो सामाग्री वितरण नभइ मौज्दातमा नै रहेको पाइयो । मौज्दातमा रहेका देहायका सामानहरु उद्धेश्य अनुरुप प्रयोगमा ल्याउनुपर्दछ ।

| गो भौ नं | सामाग्री | आपूर्तिकर्ताको नाम | परिमाण | रकम रु |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३१।०८०।३।१९ | स्थानीय पाठ्यपुस्तक | श्री सभ्यता अनुसन्धान केन्द्र प्रा लि | १५०० | ८००,००० |
| २९।०८०।२।१२ | स्थानीय पाठ्यपुस्तक | श्री डि जी स्क्यान प्रिपेश प्रा लि | १३४९ | ७७५,००० |
| २७५।०८०।३।२० | ब्याग र छाता | श्री हिमशिखर अफसेट प्रेस प्रा लि | ६० | १५९०३० |
| २७७।०८०।३।२० | ल्यापटप ब्याग | श्री कैलाश ब्याग इन्डष्ट्रिज प्रा लि | ५० | १३२,७७५ |
| जम्मा रु | | | | १८,६६,८०५ |

२४ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२५ **विमा नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले विभिन्न उपभोक्ता समितिहरुसँग सम्झौता भएकोमा सो काम गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा उपभोक्ता समितिले गर्ने केहि काममा विल अफ क्वाण्टिटिमा समेत विमा सम्बन्धी प्रावधान राखेकोमा केहिको विमा नै नगरेको विमा गरेकोमा पनि नापि तथा कार्यसम्पन्न भएपश्चात् मात्र विमा गरेको देखियो । । निर्माण अवधि समेत निर्माण कार्यको जोखीम न्यूनीकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

| गो भौ नं | उपभोक्ता समिति तथा योजना | लागत अनुमान तथा सम्झौता रकम | नापि तथा कार्यसम्पन्न मिति | विमा गरेको मिति |
|---|---|---|---|---|
| २०७९।१२।१७ | खानिगाउ कुटीप्वाकल सडक | ४४६३८८० | २०७९।१२।५ | २०७९।१२।८ |

| | | | | |
|---|---|---|---|---|
| १८८।१।१० | महादेवस्थान रोटेपिङ्ग सडक स्ल्याव | ४५४२००० | २०७९।१२।७ | २०८०।१।७ |
| १९१।१।२३ | जगडाडा सडक स्तरोन्नती | ४४६४०६७ | २०७९।१२।१२ | २०७९।१२।२३ |
| १९२।१।१४ | वि के के एस सडक निर्माण उ स | ३९०५२५२ | २०७९।१२।१० | २०७९।१२।१९ |

२६ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२७ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर एक्साभेटर लोडर रोलर ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

२८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाइ न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम

सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाइ प्राथमिकीकरण गरीः प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराइ रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि नं ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर नगरपालिकामा वडाबाट योजना माग गरि त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाइयो । यस आ वमा पालिका अन्तर्गतका ५ वटा वडामा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| क सं | कार्यक्रम | संख्या | खर्च रकम रु |
|---|---|---|---|
| १ | सडक/ गोरेटो | ३ | १८७२००० |
| २ | सडक नाली | १ | ६२४०० |
| ३ | पूर्वाधार निर्माण | ६ | ६६१४४० |
| जम्मा रु | | | २५, ९५ , ८४०। |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा यस आ वमा रु ४७,५७,०००।- रकम व्यवस्था भएकोमा रु ४०,४०,४४९।- करिब ८४.९३ प्रतिशत खर्च भएको देखिन्छ ।यस मध्ये रु २५,९५,८४०।- श्रमिकको ज्यालामा उपभोक्ता समिति मार्फत खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका १०८ जना मध्ये यस वर्ष ४२ जनालाइ जम्मा ४१६० दिन रोजगारी प्रदान गरेको देखिन्छ ।निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाइ रोजगारी दिनुपर्दछ ।

## २९ वडास्तरीय साना मर्मत सुधार कार्यक्रम

पालिकाले वडास्तरीय साना मर्मत सुधार थाहा विविध पूर्वाधार निर्माण उल्लेख गरी १२ वटा वडामा प्रतिवडा १० लाखका दरमा जम्मा १ करोड २० लाख विनियोजन गरेकोमा १ करोड ९ लाख ९६ हजार खर्च गरेको छ । यसरी योजना संकलन नगरी एकमुष्ठ अवण्डा बजेट कायम गर्ने र खर्च लेख्ने गरेकोमा हालसम्म पनि नगरसभावाट अनुमोदन गरेको पाईएन । सार्वजनिक कोषको रकम अवण्डा वजेट कायम गर्ने र खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

## ३० न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय

सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको ३४ गरी कुल ४४ विवाद दर्ता भएकोमा २९ वटा मात्र फस्योंट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ३१ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन नियमावली कार्यविधि लगायत ४७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि केहि कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## ३२ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा वडा कार्यालयवाट खरिद सामानको लागी पाम्स लागु गरेको पाइएन । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ। आ व २०८० बैशाखदेखि PAMS प्रणालिमा प्रवृष्टी गरी भुक्तानी दिने गरेको जनाएको छ ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्नेमा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३३ **प्रति विद्यार्थी लागत**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | २५,९७,१३,००० | २४,०९,८४,९९५ | ७२५४ | ३५, ८०२। |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक देखि कक्षा १२ सम्म विद्यालयको प्रति विद्यार्थी लागत रु ३५,८०२। रहेको देखिन्छ ।

३४ **शिक्षक दरबन्दी र पदपूर्ति**

आ व २०७९।८० मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ :

| विद्यालयको संख्या | दरबन्दी | स्थायी पदपूर्ति | दरबन्दी मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| ५३ | २८६ | १६३ | १२३ | ० | ७२५४ | २५.३६ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात २५ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै करारमा रहेका पदहरु स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

३५ **कर कट्टि छुट रकम**

आयकर ऐन २०५८ को दफा ८८ मा बैठक भत्ता वा पटके भत्ता भुक्तानिमा १५% का दरले कर कट्टा गर्नुपर्ने उल्लेख छ । पालिकाले पालिकाको कर्मचारी प्रोत्साहन कार्यविधि २०७९ बमोजिम विभिन्न भौचरबाट कर्मचारी प्रोत्साहन भत्ता तथा पुरस्कार शिर्षकबाट देहायका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता भुक्तानि गरेकोमा नियमअनुसार १५% कर कट्टि गर्नुपर्नेमा १% मात्र कर कट्टा गरेकोले छुट कर रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | कट्टि गरेको १ % कर रकम | १४% कर कट्टि छुट रकम |
|---|---|---|---|
| अनिल ढकाल | २७२१४ | २७२ | ३८१० |
| मुकेश कुमार | ३६६५४ | ३६७ | ५१३२ |

| | | | |
|---|---|---|---|
| राघवेन्द्र मिश्र | ३७७६५ | ३७८ | ५२८७ |
| लब बहादुर थापा | ४२३९९ | ४२४ | ५९३६ |

मिति **२०८०-१२-२८** मा **सोनम कार्की** को ४,६९७ **अजित घिमिरे** को **६,५४१ दिक्षा पाण्डे** को **३,१७४ लक्षमन कडेल** को ४,८४७ **हरि बहादुर खपाङ्गी मगर** को ६,८०८ **तेज बहादुर थिङ** को ४,०६४ **धन माया पोडेनी** को **२,०३५ लोक बहादूर श्रेष्ठ** को **३,२५२** सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,१६५ |

३६ **पारिश्रमिक कर**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुली दाखीला प्रमाण पेश भएको आधारमा मिति*** २०८०-१२-२८ ***को निर्णयबाट रु.*** ५९४९.९ ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७ **महंगि भत्ता**

अर्थ मन्त्रालयको च.नं. १७१९ मिति २०७९।१।२१ को पत्र अनुसार नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरवन्दिमा करारमा कार्यरत कर्मचारीलाई महंगि भत्ता दिने सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था नभएको उल्लेख छ। पालिकाले यस आ.व.मा विभिन्न पदमा कार्यरत देहायका करार कर्मचारीलाई मासिक रु. २००० का दरले महंगि भत्ता प्रदान गरेकोले देहायका कर्मचारीबाट असूल गर्नुपर्ने रु.

| कर्मचारीको नाम थर | पद | महंगी भत्ता प्राप्त महिना | महंगि भत्ता रकम |
|---|---|---|---|
| डा.शक्ति चौरसिया | मे.अ. | १२ | २४००० |
| डा. चन्द्रभुषण चौधरी | मे.अ. | १२ | २४००० |
| राघबेन्द्र मिश्र | भेटेरनरी अधिकृत | १२ | २४००० |
| | | जम्मा | ९६००० |

मिति **२०८०-१२-२८** मा **एलिजा ढकाल** को **२४,०००** सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७२,००० |

३८ **शीर्षक फरक पारी खर्च**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर पालिका सभावाट नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२८ को निर्णयबाट रु.*** ४६९६५९ ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

३९ **उद्यम लागत सहभागिता नरहेको**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर पालिका सभावाट नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२८ को निर्णयबाट रु.*** ४७, ०५३। ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४० **दैनिक भ्रमण भत्ता तथा योजना अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्वन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक श्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ ।त्यस्तै दफा १४ मा ऐन वाहेकका सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरेवमोजिम हुने उल्लेख छ । पालिका क्षेत्रमा आ व २०७९।८० मा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरेवापत विभिन्न पदाधिकारी तथा कर्मचारीको अनुगमन खर्च लेखेको छ । यस प्रकारको अनुगमनको लागी भत्ता भुक्तानी गर्न मिल्ने आधार नदेखिएकोले सो भुक्तानी गर्न मिल्ने आधार पेश गर्ने अन्यथा सम्वन्धितहरुवाट असुल गरि दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | पदाधिकारी/कर्मचारीको नाम | पद | अनुगमन संख्या | दर | जम्मा | कर कट्टी | खुद पाउने |
|---|---|---|---|---|---|---|---|
| गो भौ नं १०२।११।१९ (वाग्मति प्रदेश अनुदान) | | | | | | | |
| १ | कुनाल गुप्ता | सव ईन्जिनियर | ३ | १००० | ३००० | ४५० | २५५० |
| २ | सुस्मिता गुरुङ | सव ईन्जिनियर | २ | १००० | २००० | ३०० | १७०० |
| ३ | सुमन गोपाली | सव ईन्जिनियर | २ | १००० | २००० | ३०० | १७०० |
| ४ | ललित कुमार साह | अ.सव ईन्जिनियर | १ | १००० | १००० | १५० | ८५० |

मिति २०८०-१२-२८ मा **भरत गोपाली** को **१८,७०० नारायण लामा** को **१८,७०० रितु कार्की** को **१७,००० डम्बर बहादुर विश्वकर्मा** को **११,०५० प्रकाश कुमार लामा** को **१८,७०० रोसन गमाल** को **२,५५० प्रकाश जि.सी.** को **३,४०० शुकदेव विडारी** को **२,५५० कविन्द्र कुमार वड** को **८५० कृष्ण घिसिङ** को **१,७०० सत्यनारायण महतो** को **८५० रामचन्द्र थिङ** को **३,४०० संजय कार्की** को **२,५५०** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८०० |

४१ **पूँजीगत कार्यक्रम बजेटवाट चालुगत खर्च निजी श्रोत शिक्षक**

(गो भौ नं ९१।११।१६) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा विभिन्न शिर्षकमा स्विकृत तथा विनियोजन भएको रकम सो कार्यको लागी स्विकृत सिमाभित्र रहेको यकिन गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।पालिकाले नाटेश्वर मा वि विद्यालयलाई पूजिगत कार्यक्रम बजेटवाट चालुगत खर्च निजि श्रोत शिक्षक १ को लागी रु.८०००००।०० भुक्तानी गरेको छ । पालिकाले पारित गरेको बजेटमा पूजिगत अनुदानको कार्यक्रम सिमा भित्र रहि खर्च गर्नुपर्नेमा चालुगत खर्च अर्थात् थप कर्मचारी राखी अनुदान दिएको नियमसम्मत नभएको रु

| | |
|---|---|
| अनियमित भएको | ८,००,००० |

४२ **समानीकरण अनुदानवाट पदाधिकारीलाई सवारी साधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तीय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखीदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले वडास्तरिय साना मर्मत सुधार कार्यक्रममा वडालाई वजेट विनियोजन गरेकोमा वाग्मति प्रदेश समानिकरण अनुदानवाट वडा ७, ८ र १२ ले छुट्टाछुट्टै कोटेशन मार्फत् वडाध्यक्षहरुले प्रयोग गर्ने प्रयोजनका लागी XR190CC का ३ वटा मोटरसाईकलको लागी जम्मा रु.२०८१७००।०० भुक्तानी भएको छ । पालिकाले सवारी साधन खरिद गर्दा अनुदानवाट नभई पालिकाको आन्तरिक श्रोतवाट खर्च लेख्न आन्तरिक श्रोत समेत विचार गरी खर्चमा मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्नेमा आन्तरिक आम्दानीवाट सवारी साधन खरिद नगरी समानिकरण अनुदानवाट खरिद कार्य भएको नियमसम्मत देखिएन । यसमा सुधार हुनुपर्दछ ।

४३ **प्रशिक्षक तथा अनुगमन भत्ता**

४३.१ (गो भौ नं ३१०।३।१३) वडा पशु प्राविधिक रुपेश मिश्रको पेश्कि फछ्यौंट्मा वाख्रा पालन तालिममा वाह्य प्रशिक्षक अनिल सापकोटालाई प्रशिक्षण गरेवापत ९ वटा सेसनको २५०० का दरमा २२५०० खर्च लेखेको छ ।

प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को अनुसुचि १(३) मा उल्लेख भएको दर १३०० भन्दा बढी दर १२०० बढी भुक्तानी भएकोले रु ९१८० असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१८० |

४३.२ सोहि कार्यक्रममा पेश्कि लिने रुपेश मिश्रले वडाध्यक्ष समेत विभिन्न १३ जनालाई अनुगमन भत्ता वापत १५ प्रतिशत कर कट्टि गरी जम्मा रु ३७७४० भुक्तानी गरेको पाईयो । कार्यक्रम प्रस्ताव समेत अनुगमन वापतको भत्ता भुक्तानी गर्ने आधार पेश गर्ने अन्यथा सम्वन्धितवाट (कर कट्टी पश्चात्) असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,७४० |

४४ **गतवर्षको भुक्तानी**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर पालिका सभावाट नियमित भएको प्रमाण पेश भएको आधारमा मिति*** २०८०-१२-२८ ***को निर्णयबाट रु.*** २७३००० ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

४५ **नर्म्स विपरीत भुक्तानि**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को परिच्छेद ७.१.१५सि.नं. ३ अनुसार सबै प्रकारका सिप, विकास, तालिम, गोष्ठि, सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत नगरपालिका स्तरमा रु. ७०० र कार्यपत्र वापत रु. ८०० पाउने तथा सम्बन्धित निकायले सञ्चालन गरेको तालिममा सोहि निकायको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिएवापतको पारिश्रमिक नपाउने तर कार्य पत्रको रकम मात्र पाउने उल्लेख छ । यस पालिकाबाट निम्नअनुसारका विभिन्न तालिम सञ्चालन गर्दा एउटै निकाय भित्रको कर्मचारीले तालिम सञ्चालन कार्यपत्र वापतको रकम मात्र भुक्तानि गर्नुपर्नेमा नर्म्स विपरीत बढि भुक्तानि गरेको देखिएकोले उक्त बढि रकम असूल उपर गरी दाखिला गर्नुपर्ने रु.

| भौ. नं . र मिति | कार्यक्रमको नाम र तालिम संचालनकर्ता | प्रशिक्षकको नाम | कक्षा संख्या | दिएको रकम | दिनु पर्ने | बढि ( कर कट्टि पश्चात ) |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७१। ०७९।९।२१ | जननिर्वाचित महिला प्रतिनिधिहरुका लागि नेतृत्व तथा उद्घघोषण सम्बन्धी तालिम | बाह्य प्र प्रवीन हुमागाई | ४ | ८००० | ६००० | १७०० |

मिति **२०८०-१२-२८** मा **आन्तरीक प्र कुमार नेगि** को ४,०८० **आन्तरीक प्र कुमार नेगि** को **५,४४०** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०० |

४६ **सामाजिक सुरक्षा कर कट्टी**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखीला भएको प्रमाण पेश भएको आधारमा मिति*** २०८०-१२-२८ ***को निर्णयबाट रु.*** ५४०० ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **अग्रिम कर**

८-२०७९।१२।६ आयकर ऐन २०५८ अनुसार भुक्तानीमा अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले ग्रामीण जागरण तथा विकास संगठन लाई मुलपानी घट्टेखोला झलुङ्गे पुल निर्माणका लागि प्राविधिक सहयोग उपलव्ध गराएकोमा रु २७७३८७। मा १५ प्रतिशत कर कट्टा गर्नु पर्नेमा १ ले मात्र कर कट्टा गरेकोले नपुग कर दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,४४८ |

४८ **प्रोग्राम अपडेट**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को नियम ६ ख मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त वमोजिम कार्यसम्पन्न नगरेमा भुक्तानी नदिने उल्लेख छ । ठेक्का सम्झौताको General condition of contract अन्तर्गत Scc को Gcc 34.1-34.3 मा निर्माण व्यवसायिले कामको तोकिएको दिनमा Program Update पेश गर्नुपर्ने अन्यथा प्रोग्राम अपडेट वापतको रकम कट्टा गर्ने व्यवस्था छ । पालिकाले देहायका ठेक्कामा निर्माण व्यवसायिसँग भएको ठेक्काको प्रोग्राम अपडेट पेश नभएकोले सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्ने रु

| योजनाको नाम | निर्माण व्यवसायीको नाम | ठेक्का सम्झौता रकम | प्रोग्राम अपडेट दिन | प्रोग्राम अपडेट रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| River training work(Coldstore Work)(CEN/coldstore-04/079/80) | New Jyoti Construction Pvt.Ltd. | ४९२६४३७ | १४ | ५०००० |
| Upgrading of Kiteni Road(CEN/kiteniroad-05/079/80) | New Jyoti Construction Pvt.Ltd. | ११८६६१५९ | १४ | ५०००० |
| Fedigaun human settlement and river training work(Pro/fedigaunwork-07/079/80) | Sakshyam Nirman sewa | २२४२३१८४ | १४ | ५०००० |
| Bhungdal rigid & flexible pavement and upgrading work(Pro/bhungdalwork-07/078/79) | Sakshyam Nirman sewa | २५०५९१९५ | १४ | ५०००० |
| Pro/coldstore-12/079/80(re-bid)(Coldstore civil works) | SRP Group Pvt.Ltd. | ११९७६६०४ | १४ | ५०००० |
| CEN/kiteniroad(II)-14/079/80(Upgrading of Kiteni Road ) | OM Kalabhairab Construction Pvt.Ltd.Thaha-3 | ३५८९८६० | १४ | ५०००० |
| Pro/fedigaunwork(II)-15/079/80(Fedigaun river training work ) | Srijana construction PVT.LTD | ४८१६३०३ | १४ | ५०००० |
| Pro/bhungdalwork(II)-16/079/80(Bhungdal upgrading work ) | Srijana construction PVT.LTD | ३०६९३६८ | १४ | ५०००० |
| RBN/palchowkroad-19/079/80(Maintenance of Palchowk-Bhatuwal Road) | OM Kalabhairab Construction Pvt.Ltd.Thaha-3 | ५००५९३६ | १४ | ५०००० |
| Construction of Janakalyan School Administrative Building(CEN/JANAKALYANBLDG-20/078/79) | Platinum-Jenisha JV | १८४३६०७८ | १४ | १००००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५०,००० |

## ४९ मु अ कर रकममा पेस्की

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११३ आपुर्ति कर्ता निर्माण व्यवसायीलाई खरिद सम्झौता अनुसार पेस्की दिन सकिने व्यवस्था रहेको छ । पालिकाले फेदीखोला वस्ति संरक्षणका निर्माणका लागि मिति २०७८।८।१९ सुचना प्रकाशन गरी सुचनामा प्रकाशन गरेको १५ दिन भित्र सम्झौता गर्ने सुचना प्रकाशन गरेकोमा माइर एण्ड कन्ट्रक्सन संग सुचनामा प्रकाशन गरेको भन्दा ४ महिना ढिला गरी सम्झौता मितिले २०८०।३।१५ मा काम सम्पन्न गर्ने गरी मिति २०७९।२।१३ मा रु १६९००६३१।४६ को सम्झौता

गरेकोमा निजलाई मिति २०७९।१०।३ र २०७९।११।१७ गरी नियममा भएको व्यवस्था अनुसार सम्झौता रकमको २० प्रतिशत पेस्की दिनु पर्नेमा मु अ कर समेतको रकममा रु ३३८००००। पेस्की दिएको देखिन्छ । यस्तो पेस्की दिदा मु अ कर वाहेकको रकमको मात्र पेस्की दिनुमा सो अनुसारको पेस्की दिएको पाईएन ।

## ५० विल भन्दा बढी भुक्तानी

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई दाखीला भएको प्रमाण पेश भएको आधारमा मिति* २०८०-१२-२८ ***को निर्णयबाट रु.*** ४९, ३७२ ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ५१ पुर्वनिर्धारित क्षतिपुर्ति

सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२१ (क) मा आपुर्तिकर्ता परामर्श दाता सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईका कारणले खरीद सम्झौता वमोजिमको काम सो सम्झौता मा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्वनिर्धारित क्षतिपुर्ति दिनु पर्ने व्यवस्था रहेको छ।पालिकाले कालिनाग सप्लायर्ससँग दामगाडे खानेपानीको लागि १२० दिन भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।२।१३ मा सम्झौता भएअनुसार निजसंग रु ५५९०६०६।७५ सम्झौता भएकोमा निजलाई मिति २०७९।१२।३० सम्म म्याद थप भएकोमा निजले म्याद थप पछि पनि ५५ दिन ढिला गरी मिति २०८०।२।२५ मा सामान कार्यालयमा चलान गरेकोले म्याद थप पछी पनि सामान तोकिएको समयमा उपलल्ध नभएकोले सम्झौता अनुसार प्रतिदिन ०.०५ प्रतिशतले हर्जना रु १३६०५४। असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३६,०५४ |

## ५२ वढी भुक्तानी

सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२४ मा खरीद सम्मौता बमोजिम सम्पन्न भएको कार्य सार्वजिक निकायले स्वीकार गरेपछी करारको शर्त नामा वमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले कोल्ड स्टोर रिभर ट्रेडिङ्ग कार्यको लागि न्यु ज्योति कन्ट्रक्सन संग ५ महिनामा कार्य सम्पन्न गर्ने गरी मिति २०७९।९।१३ मा रु ४९२६४३६।७७ को सम्झौता भएकोमा निजलाई भुक्तानी दिदा रु ४९६८५९१। भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी रु ४२१५४ असुल गर्ने पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,१५४ |

## ५३ पुर्व निर्धारित क्षतिपुर्ति

सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२१ (क) मा आपुर्तिकर्ता परामर्श दाता सेवा प्रदायक वा निर्माण

व्यवसायीको ढिलाईका कारणले खरीद सम्झौता वमोजिमको काम सो सम्झौता मा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्वनिर्धारित क्षतिपुर्ति दिनु पर्ने व्यवस्था रहेको छ।पालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्थ सेवाको लागि औषधी खरीदका लागि मेडिक्रेट फर्म प्रा लि संग मिति २०७९।११।१६ मा रु ५८२२६९।२२ को सम्झौता गरी सम्झौता को मितिले १० दिन भित्र सामान उपलव्ध गराउने गरी सम्झौता भएकोमा निजले समान २०७९।१२।१२ मा चलान गरी पठाएकोले १२ दिन ढिलागरी सामान उपल्ध गराउकोले सम्झौताको सि न १३ मा पुर्व निर्धारित क्षतिपुर्ति रु ३०९१ असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०९१ |

५४ **कार्यसम्पादन जमानत**

***………. (प्रारम्भिक प्रतिवेदन उपर पालिकावाट प्रमाण पेश भएको आधारमा मिति*** २०८०-१२-२८ ***को निर्णयबाट रु.*** १४२,६५० ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५५ **नमुना विद्यालय विशेष अनुदान**

***………. (प्रारम्भिक प्रतिवेदन उपर पालिकावाट प्रमाण पेश भएको आधारमा मिति*** २०८०-१२-२८ ***को निर्णयबाट रु.*** १,००,००,००,००० ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५६ **विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०७५ को प्रथम संशोधन २०७७ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रमा २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु १०,०००।- का दरले र पालिकाबाट रु ५०००।- का दरले भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु

| क्र सं | विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | रकम रु |
|---|---|---|---|---|---|
| १ | श्री जनकल्याण उ मा वि | १६ | १ | २ | १९५,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | श्री नाटेश्वर मा वि | २० | १ | २ | १९५,००० |
| ३ | श्री जनता प्रा वि | २२ | १ | ३ | ३९०,००० |
| जम्मा रु | | | | | ७, ८०, ००० |

| | |
|---|---|
| अनियमित भएको | ७,८०,००० |

५७ **ल्याब सामाग्री सहयोग अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । तर, पालिकाले गो भौ नः १२५।०७९।११।११ बाट देहायका विद्यालयलाइ ल्याव सामाग्री सहयोग अनुदान निकासा गरेकोमा कुनै पनि विद्यालयले कार्यक्रमसँग सम्बन्धित बिल, भरपाइ पेश नगरेको पाइयो । यसरी निकासा भएको रकम बराबरको कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | | |
|---|---|---|
| १ | श्री जनकल्याण उच्च माध्यामिक विद्यालय | २००,००० |
| २ | श्री सुन्दरीदेवी माध्यामिक विद्यालय | २००,००० |
| जम्मा रु | | ४००, ०००। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

५८ **आन्तरिक स्रोत शिक्षक**

संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी आ व २०७९।८० मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका ७ वटा सामुदायिक विद्यालयहरुमा आधारभूत र माध्यामिक तहमा जम्मा ११ जना शिक्षकलाइ करार सम्झौता गराइ आन्तरिक स्रोत शिक्षकका रुपमा पदस्थापन गरेको छ । यस आ व मा आन्तरिक स्रोत शिक्षकको तलवमा कुल रु २०,००,०००। खर्च लेखेको छ । यसरी शिक्षकहरु करारमा नियुक्ती गर्दा विद्यालयमा विद्यार्थी संख्या, शिक्षण सिकाइ आवश्यकता, विषय विज्ञ शिक्षक जस्ता विषयमा विश्लेषण गर्नुपर्नेमा सो नगरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २०,००,००० |

५९ **नवीकरणीय उर्जा**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर पालिकावाट प्रमाण पेश भएको आधारमा मिति*** २०८०-१२-२८ ***को***

***निर्णयबाट रु.*** ७,१५,००० ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६० **कर बिजक**

✂ ........... **दोहोरो परेको**

| | |
|---|---|
| अनियमित भएको | ९४००७ |

६१ **फरक शिर्षक पारी खर्च**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर पालिका सभावाट नियमित भई प्रमाण पेश भएको आधारमा मिति*** २०८०-१२-२८ ***को निर्णयबाट रु.*** ३,७०४,०७६ ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

६२ **प्रगति प्रतिवेदन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.५० मा शिक्षण सिकाइ सामाग्री तथा ओ.जे.टि व्यवस्थापनका लागि प्राविधिक धारका विद्यालयलाइ अनुदान अन्तर्गत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाइ प्रति विद्यार्थी रु १५०००। का दरले हुन आउने रकम एकमूष्ट अनुदान दिने र सो रकमबाट व्यवहारिक अभ्यासमा सहभागी विद्यार्थीलाइ प्रति महिना रु १०००। का दरले विद्यार्थीको बैंक खातामा उपलब्ध गराउने, बाँकी रकमबाट प्रशिक्षक भत्ता एवम् ल्याव उपकरण खरिदका लागि उपयोग गर्न सकिने र कार्यक्रमसँग सम्बन्धित प्रगति प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले देहायका विद्यालयलाइ एकमूष्ट रकम निकासा गरेकोमा सम्बन्धित विद्यालयले प्रगति प्रतिवेदन पेश गर्नुपर्ने रु

| विद्यालयको नाम | विद्यार्थी संख्या | रकम रु |
|---|---|---|
| श्री जनकल्याण उच्च माध्यामिक विद्यालय | ५८ | ८, ७० , ००० |
| श्री सुन्दरीदेवी माध्यामिक विद्यालय | ३८ | ५, ७० , ००० |
| जम्मा | ९६ | १४, ४० , ०००। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,४०,००० |

६३ **जनश्रमदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| गो भौ नं | योजना | लई | सम्पन्न | भुक्तानी | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १४९।१२।१७ | खानिगाउ कुटिप्वकल सडक उपभोक्ता समिति | ४४६३८८० | ४२९०७५४।६४ | ३७३३९७२ | ३७३१०९१ | २८८१ |
| १५९।१२।२२ | मालागीरी मेलखोला सडक | २२३१६७३ | २१९१४१० | १९१६६९४ | १९०५५७३ | ११९२१ |
| ४००।३।२२ | शिखरकोट बजार व्यवस्थापन समिति | ५५७८३९३।२९ | २८९७३३९।९५ | २५८८२५४ | २५१९४२६ | ६८८२७.९६ |
| जम्मा रु | | | | | | ८२८२९.९६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,८२९.९६ |

## ६४ जटिल संरचना निर्माण

(गो भौ नं ३५३।३।२०) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य पाल्चोक पुल निर्माण योजनामा रु.३७९७३६७ को कार्यसम्पन्न भएकोमा रु.३३०२०५९ भुक्तानी भएको जस्ता काम उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

## ६५ कार्यसम्पन्न नगरी अन्तिम बिल भुक्तानी

सार्वजनिक खरीद नियमावली २०६३ को नियम ६४ को नियम १२५ (१) खरीद कार्य वमोजिम निर्माण कार्य भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार भएपछि सोही नियमको नियम १२४ अनुसार करारको शर्तनामा वमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । तर

पालिकाले निम्नानुसारका काममा सम्झौता भन्दा २६ देखि ४९ प्रतिशत कम काम भएकोमा भेरिएसन नगरेको तथा अन्तिम भुक्तानी भएको नियमसम्मत देखिएन । यस सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

| गो भौ नं | योजना | सम्झौता मिति | सम्झौता रकम | कार्यसम्पन्न मिति | कार्यसम्पन्न प्रतिवेदन | बाँकी काम प्रतिशत |
|---|---|---|---|---|---|---|
| ४००।३।२२ | शिखरकोट वजार व्यवस्थापन समिति | २०७९।११।१६ | ५५७८३९३।२९ | २८९७३३९।९५ | - | ४९ |
| ४३३।३।२३ | कटुवाल डाडा सडक स्ल्याव ढलान | २०७९।७।२३ | ७८०९९५।०० | २०८०।३।२२ | ५४२३४३।३६ | ३१ |
| ४३४।३।२३ | ससकन्या गुफा उपभोक्ता समिति | २०८०।१।२६ | २२३१०००० | २०८०।३।२० | १३११७०१।२२ | ४१ |
| ४३५।३।२३ | झम्केश्वरी मोटरवाटो निर्माण उ स | २०७९।१२।८ | १११६६८७ | २०८०।३।२२ | ८०३९९३ | २९ |
| ४३७।३।२३ | ईन्द्रायणी खेलमैदान निर्माण उपभोक्ता समिति | २०८०।२।१६ | २७८५६०६ | २०८०।३।२२ | १९८९३५२ | २९ |
| ४३८।३।२३ | दामन पिकनिक स्पट | २०७९।१२।२२ | १७८४८२९ | २०८०।३।२२ | १३२१४५० | २६ |

६६ **कृषि कार्यक्रम**

कृषि कार्यक्रमको नमुना टनेल सम्झौताको बुँदा नं ७ मा पालिकासँग कृषक समुहले सम्झौता गरेको ६० दिन भित्र निर्माण सम्पन्न गरी विल पेश गर्नुपर्ने उल्लेख रहेको छ । तर कृषि फर्मले समयमा कार्यसम्पन्न गरी विल पेश गरेको पाइएन । पालिकाले समयमै सम्झौता बमोजिम कार्य गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । जसको केही उदाहरण निम्नानुसार छन्

| गो भौ नं मिति | सहकारीको नाम | सम्झौता मिति | विल पेश गरेको मिति | समय अवधि | अनुदान रकम |
|---|---|---|---|---|---|
| ८०-२०८०/३/१ | रुपाघारी महिला कृषक समुह | २०७९/१०/१५ | २०८०/२/७ | ११२ दिन | १६२०००० |
| | शंकरदिप कृषि तथा पशुपालन | २०७९/१०/ | २०८०/२/९ | ११७ | १६२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | कृषक समुह | १२ | | दिन | ० |
| ८१-२०८०/३/१ | पातलेश्वर कृषक समुह | २०७९/१०/१५ | २०८०/२/१६ | १२१ दिन | १६२००० |
| | थहचोक कृषक समुह | २०७९/११/१० | २०८०/२/३ | ८३ दिन | १६२००० |
| | पोखरी डाँडा कृषक समुह | २०७९/१०/१३ | २०८०/२/१८ | १२६ दिन | १६२००० |
| | जनाता कृषक समुह | २०७९/१०/१३ | २०८०/२/१९ | १२६ दिन | १६२००० |

६७ **बढी भुक्तानी** (१२-२०८०-३-२२):

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ मा गाँउपालिका नगरपालिका उपमहानगरपालिका महानगरपालिका का अध्यक्ष/प्रमुख उपाध्यक्ष/उपप्रमुख वडा अध्यक्ष कार्यपालिका सदस्य वडा सदस्यले अनुसुची १क मा उल्लेख भएबमोजिम सुविधा पाउने व्यवस्था गरेको छ भने अनुसुची १क मा नगरपालिका पदाधिकारीले प्रति बैठक रु १००० पाउने व्यवस्था रहेको छ । पालिकाले नगरप्रमुख तथा उपप्रमुखको अध्यक्षतामा वसेको बैठकमा ऐनमा भएको व्यवस्था भन्दा बढी दरमा भुक्तानी गरेको सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| नाम | बैठक संख्या | बुझेको दर | वुझ्नु पर्ने दर | फरक परेको दर | जम्मा | करकट्टी रकम | वढी वुझेको रकम |
|---|---|---|---|---|---|---|---|
| स्थानिय परिचानल समिति | | | | | | | |
| अजित घिमिरे | ३ | १५०० | १००० | ५०० | १५०० | २२५ | १२७५ |
| हिरेन्द्र कुमार रायमाझी | ४ | १५०० | १००० | ५०० | २०००  | ३०० | १७०० |

मिति **२०८०-१२-२८** मा **भरत गोपाली** को **४,६७५ हरि खपाङ्गी** को **४६७५, अनिल लामिछाने** को **४,६७५ बिष्णु वहादुर विष्ट** को **१,७०० होमनाथ काफ्ले** को **४२५ डम्वर वहादुर विश्वकर्मा** को **१,७०० सन्तोष वोहोरा** को **१,७०० अनिल लामिछाने** को **१,७०० हरि वहादुर खपाङ्गी** को **४२५ रोजिना खड्का** को **४२५ सुरज कुमार भुजेल** को **८५०**

सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९७५ |

६८ **राजश्व संकलन**

प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय वागमति प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा २३(४) राजश्वको लगत तथा लेखा राख्ने सरकारी रकम प्राप्त भएपछि दाखिला गर्ने राजश्व प्राप्त गर्दा अपनाउनुपर्ने कार्यविधिको अवलम्वन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले राजश्व व्यवस्थापनमा प्रयोग गरिने नगदी रसिद खातालाई व्यवस्थित बनाईएको पाइएन । नगदी रसिदहरु के कति प्राप्त भएको र कति प्रयोग भएको हो एकिन गर्न सकिएन । पालिकाबाट वितरण भएको ठेली नं ५२, ७५, ७७, ९०, ९१, ९६, १४७ र १६४ पालिकामा फिर्ता भएको पाइएन साथै पालिकाले दहत्तर वहत्तर कर संकलनमा मुल्य अभिवृद्धि कर संकलन गरेको पाइएन । उक्त रसिद, मुल्य अभिबृद्धि कर र संकलित रकम दाखिलाका सम्बन्धामा पालिकाले एकिन गरी कम दाखिला भएको भएमा सम्वन्धितलाई जिम्मेवार वनाउनुपर्दछ ।

६९ **सामाजिक सुरक्षा**

६९.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडामा राख्नुपर्ने व्यवस्था भएता पनि पालिका र वडाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको नदेखिदा अनिवार्य रुपमा लाभग्राहीको फोटो सहितको अभिलेख राख्नु पर्ने देखिन्छ।

६९.२ सोही कार्यविधिको दफा ११ मा लगत कट्टा गर्ने व्यवस्था भएता पनि प्रभावकारी रुपमा समयमै लगत कट्टा भएको नदेखिदा समयमै लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । दफा २३ र २६ मा बैंकले लाभग्राहीको बैंकको निश्क्रिय खाताको जानकारी प्रत्येक श्रावण महिना भित्र विभाग र महिना भित्र स्थानिय तहलाइ दिनुपर्ने साथै रकम नझिकेका लाभग्राहीको विवरण अनुसुची ११ बमोजिम ढाँचामा प्राप्त गरी स्थानिय तहले आवश्यक छानविन गरी कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नपाइएमा रकम फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको मा सो वमोजिम बैंकले जानकारी दिएको देखिएन साथै अनुसुची ११ बमोजिमको विवरण प्राप्त नहुँदा निश्क्रिय खाताको रकम एकिन गर्न तथा वढी भुक्तानीको गणना गर्न सकिएन ।

६९.३ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ ।यस पालिकालाइ सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकार बाट रु १७१६९५००० बजेट प्राप्त भएकोमा रु १६९०१३०८२ निकासा भइ बैंकले लाभग्राही खातामा दाखिला गरेको देखियो ।

| |
|---|
| प्रमाण पेश नगरेको |

७० **कर विजक**

(गो भौ नं ४४३।३।२३) मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि कर मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विजकको क्रम संख्या १ वाट सुरु हुनुपर्ने र कर विजकमा हातले नम्वर राख्न नहुने र केरमेट गर्न नहुने लगायत उल्लेख छ । पालिकाले कोटेशन मार्फत् फेदिखोला वस्ति संरक्षण थाह २ मा वस्ति संरक्षण पर्खाल निर्माणको काम गराएकोमा सुजन निर्माण सेवा मकवानपुर (६०११६६७९८) ले पेश गरेको मुल्य अभिवृद्धि कर विजकमा विजक नं उल्लेख नगरी सो विलवाट मु अ कर ९४००७ समेत जम्मा रु ८,१७,१४२.०० को भुक्तानी भएकोमा सो कर को समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९४,००७ |

७१ **तरकारी निकासी कर सम्वन्धमा**

पालिका अन्तर्गत उत्पादित तरकारी जडिवुटी निकासीका लागि प्रत्येक वर्षको वैशाख महिनालाई आर्थिक वर्ष कायम गरी न्युनतम कवोल अंक ४६६४००। मा सवैभन्दा वढी कवोल गर्ने प्रोग्रेसिभ कन्ट्रक्सनले रु ४६७९०००।मु अ कर वाहेक कवोल अंक पेश गरी मिति २०७९।१२।२८ मा सम्झौता भएकोमा सम्झौता हुनुभन्दा अगाडी सम्झौताको ३० प्रतिशत दाखिला गर्नुपर्ने र वाकी रकम ३० प्रतिशत २०८० श्रावण मसान्त तक ३० प्रतिशत मंशिर मसान्ततर र चौथो किस्ता १० प्रतिशत २०८० फागुन मसान्ततक वुझाउने गरी सम्झौता भएकोमा निजले लेखापरीक्षण समय पौष महिना सम्म रु २०७३९५०।मात्र दाखिला भएको छ ।सम्झौताको सि .न . २० मा तोकिएको सिमा भित्र किस्ता नवुझाएमा म्याद नाघेको १५ दिन पछी किस्ता रकम का दरले जरिवाना समेत जोडी किस्ता दाखिला गरिने छ भनि व्यावस्था भएकोमा हाल सम्म ५७.७८ प्रतिशत मात्र रकम वुझाएको यसरी सम्झौता अनुसारको कार्य हुनुपर्ने देखिन्छ।पालिकामा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६२ अनुसार निजले राखेको धरौटी रकमलाई नै मासिक रुपमा कर दाखिला गरी कर जम्मा गरेको छ ।सोही नियमावलिको नियम ६६ अनुसार काम सम्पन्न भएपछी मात्र धरौटी फिर्ता गरिनु पर्ने देखिन्छ ।

७२ **खर्चको पुष्ट्याइ**

(गो भौ नं ४।५।२८) पालिकाले अतिथि सत्कारवापत डिना गोपालिलाई जम्मा रु५८४८५ र होटल फेमिलिलाई ४३८८ भुक्तानी गरेकोमा २० वोरा आलु र केहि तरकारीको विल पेश भई रु ६२८७३ भुक्तानी भएकोमा सो विलको भुक्तानी के प्रयोजनको लागी खर्च भएको हो सो को पुष्टि नभएको नियमसम्मत देखिएन । यस प्रकारको खर्चमा पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

## अनुसूचीहरू

**अनुसूची — १**

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : थाहा नगरपालिका, मकवानपुर , थाहा नगरपालिका , मकवानपुर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरिलाल पुरी | २०७४-६-१० | २०७९-४-१२ |
| कार्यालय प्रमुख | कृष्ण गिरी | २०८०-१-४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | अजित घिमिरे | २०७९-९-१४ | २०८०-१-३ |
| लेखा प्रमुख | अमर बहादुर जि सी | २०८०-८-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरि बहादुर खपाङ्गी मगर | २०७९-११-१ | |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२६६,०५९.८६ | ९,९६६,९४९ | १९,३२७,४९७.८ | ० | ० | १,६७५,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३२,२३५,५०६.६६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १८,३५२,३९०.७ |
| दोहोरो परेको | | | | | ९४००७ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १३८८३११५.९६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३०३२३८८११ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६३५४५००० | **चालु खर्च** | ४७१०४६०३२ |
| **प्रदेश सरकारबाट अनुदान** | ७४८२२००० | **पूँजीगत खर्च** | ४७४८५४७२५ |
| **राजश्व बाँडफाँट** | १८५४०८३४८ | **वित्तीय/अन्य व्यवस्था** | २५८१३८९६० |
| **आन्तरिक आय** | ३९७८८२५९ | | |
| **अन्य आय** | २१६९६४९३९ | | |
| **कुल आय** | ९८०५२८५४६ | **कुल खर्च** | १२०४०३९७१७ |
| **बाँकी मौज्दात** | | ७९७२७६४० | |

**बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -२**

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय मकवानपुर
कार्यालयको कोड : ८०३३२४०१३००
वित्तीय प्रतिवेदन

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत | जम्मा |
| प्राप्ती (क+ख) | | १२१८७९३९९४.९४ | ७३१२४३२७४.५० | | ७३१२४३२७४.५० | ८८७०९११६७.४० | | ८८७०९११६७.४० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी ) | | ११९३५५९८६२.०० | ७१९७५०५३०.०० | ०.०० | ७१९७५०५३०.०० | ८६७२२०९३५.९० | ०.०० | ८६७२२०९३५.९० |
| ११००० कर | ११ | २३९९३५०००.०० | १८७२७४७६१.७५ | ०.०० | १८७२७४७६१.७५ | २१६६७२७३५.३१ | ०.०० | २१६६७२७३५.३१ |
| अनुदान | | ५४९८२७०००.०० | ४९४५५३९२२.५३ | ०.०० | ४९४५५३९२२.५३ | ५५६१७१०००.०० | ०.०० | ५५६१७१०००.०० |
| संघीय सरकार | १२ | ४७५००५०००.०० | ४३०५३०६७४.५३ | ०.०० | ४३०५३०६७४.५३ | ४६५४३७०००.०० | ०.०० | ४६५४३७०००.०० |
| प्रदेश सरकार | १२ | ७४८२२०००.०० | ६४०२३२४८.०० | ०.०० | ६४०२३२४८.०० | ९०७३४०००.०० | ०.०० | ९०७३४०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अन्य राजस्व | | ६९३९२०००.०० | ३७९२१८४५.७२ | ०.०० | ३७९२१८४५.७२ | ९४३७७२००.५९ | ०.०० | ९४३७७२००.५९ |
| वित्तीय सम्पत्ति | | ३३४४०५८६२.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | २५२३४१३२.९४ | ११४९२७४४.५० | | ११४९२७४४.५० | १९८७०२३१.५० | | १९८७०२३१.५० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | २५२३४१३२.९४ | ४३४५६४४.०० | ०.०० | ४३४५६४४.०० | १३५०८८६३.५० | ०.०० | १३५०८८६३.५० |
| धरौटी | | ०.०० | ७१४७१००.५० | ०.०० | ७१४७१००.५० | ६३६१३६८.०० | ०.०० | ६३६१३६८.०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | १२१८७९३९९४.९४ | ९६७७९६२४२.७४ | | ९६७७९६२४२.७४ | ८३०५८५७१५.४१ | | ८३०५८५७१५.४१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ११९३५५९८६२.०० | ९४६३१३२५६.२२ | | ९४६३१३२५६.२२ | ८१६५०१७७७.३३ | | ८१६५०१७७७.३३ |
| पारिश्रमिक / सुविधा | १८ | २६३९८३०००.०० | २५६८३६३८९.६४ | ०.०० | २५६८३६३८९.६४ | २४७०९५५३५.६३ | ०.०० | २४७०९५५३५.६३ |
| मालसामान तथा सेवाको उपयोग | १८ | १८४२२८१००.०० | १४५५९६१४१.५२ | ०.०० | १४५५९६१४१.५२ | १७०२०७४५२.७० | ०.०० | १७०२०७४५२.७० |
| स्थिर सम्पत्तिको उपभोग खर्च | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| सहायता (Subsidy) | १८ | ९७८३०००.०० | ८६१३१४२.०० | ०.०० | ८६१३१४२.०० | ०.०० | ०.०० | ०.०० |
| अनुदान | १८ | ५२०४९०००.०० | ४२१९२०००.०० | ०.०० | ४२१९२०००.०० | ०.०० | ०.०० | ०.०० |
| सामाजिक सुरक्षा | १८ | ११५५३०००.०० | १०४१५५५४.४३ | ०.०० | १०४१५५५४.४३ | ३५९६४२२.०० | ०.०० | ३५९६४२२.०० |
| अन्य खर्च | १८ | ७३९३०००.०० | ७३९२८०४.०० | ०.०० | ७३९२८०४.०० | २६०९५४०.०० | ०.०० | २६०९५४०.०० |
| गैरवित्तीय सम्पत्ती पूँजीगत खर्च | १८ | ६६४५७०७६२.०० | ४७५२६७२२४.६३ | ०.०० | ४७५२६७२२४.६३ | ३६९५०२८२७.०० | ०.०० | ३६९५०२८२७.०० |
| घ. अन्य भूक्तानी | | २५२३४१३२.९४ | २१४८२९८६.५२ | | २१४८२९८६.५२ | ८३०५८५७१५.४१ | | ८३०५८५७१५.४१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | २५२३४१३२.९४ | १२७१८१४८.५२ | ०.०० | १२७१८१४८.५२ | ११५३७७९५.०० | ०.०० | ११५३७७९५.०० |
| धरौटी | | ०.०० | ८७८८७५८.०० | ०.०० | ८७८८७५८.०० | २५४६१४३.०८ | ०.०० | २५४६१४३.०८ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (२३९२०.००) | | (२३९२०.००) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (२३६५५२९६८.२४) | | (२३६५५२९६८.२४) | ५६५०५४५१.९९ | | ५६५०५४५१.९९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३२०१२३४८१.६६ | | ३२०१२३४८१.६६ | २२०९०३१५९.०० | | २२०९०३१५९.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ८३५७०५१३.४२ | | ८३५७०५१३.४२ | २७७४०८६१०.९९ | | २७७४०८६१०.९९ |
| बैंक तथा नगद बाकी | २४ | | ८३९८३०१३.४२ | | ८३९८३०१३.४२ | २७८५७४७७२.४३ | | २७८५७४७७२.४३ |

**बेरूजु दफा २.३ सँग सम्बन्धित विवरण - अनुसूची -३**

**आयव्यय विवरण**
**आ.व २०७९।८०**
**थाहा नगरपालिका मकवानपुर**

| | आयतर्फ | | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ३०३२३८८११ | १ | चालु खर्च | ४७१०४६०३२ | ४७१०४६०३२ |
| | क) नगद | २७५६९५४६५ | | २ | पूँजीगत खर्च | ४७४८५४७२५ | ४७४८५४७२५ |
| | ख. विविध कोष मौज्दात | ९७३४५०० | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ग) धरौटी अल्या | १७८०८८४६ | | | क) ऋण भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | २२५१९६६०७ | | ख) ब्याज भुक्तानी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) आन्तरिक राजस्व | ३९७८८२५९ | | | ग) अन्य भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | १८५४०८३४८ | | ४ | धरौटी फिर्ता | ८७८८७५८ | ८७८८७५८ |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ४६३५४५००० | ५ | जनश्रमदान फिर्ता | | |
| | क) वित्तिय समानीकरण अनुदान | १३२८३०००० | | ६ | कोष फिर्ता | | |
| | ख) सशर्त अनुदान | ३१२७१५००० | | ७ | मौज्दात | | ४९५४५२३९ |
| | ग) समपूरक अनुदान | ८०००००० | | | क) बैंक मौज्दात | ४९५४५२३९ | |
| | घ) विशेष अनुदान | १०००००००० | | | ख) नगद मौज्दात | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७४८२२००० | ८ | शसर्त अनुदान फिर्ता | ४३८१३०७७ | ४३८१३०७७ |
| | क) वित्तिय समानीकरण अनुदान | १३४३७००० | | ९ | धरौटी मौज्दात | १६१६७१८८ | १६१६७१८८ |
| | ख) सशर्त अनुदान | २४२४०००० | | १० | कोष खाताको मौज्दात | १४०१५२१३ | १४०१५२१३ |
| | ग) समपुरक अनुदान | २९६४५००० | | १२ | विभिन्न कोषतर्फको व्यय | ११२१८९२० | ११२१८९२० |
| | घ) विशेष अनुदान | ७५००००० | | | | | |
| ५ | विभिन्न कोष आय | १५४९९६३३ | १५४९९६३३ | | | | |
| ६ | धरौटी यस बर्षको | ७१४७१०१ | ७१४७१०१ | | | | |
| ७ | सामाजिक सुरक्षा | १६९०१३०८२ | १६९०१३०८२ | १३ | सामाजिक सुरक्षा | १६९०१३०८२ | १६९०१३०८२ |
| ८ | १५शैया अस्पताल | २५३०५१२३ | २५३०५१२३ | १४ | १५शैया अस्पताल | २५३०५१२३ | २५३०५१२३ |
| | जम्मा | १२८३७६७३५७ | १२८३७६७३५७ | | जम्मा | १२८३७६७३५७ | १२८३७६७३५७ |